सानीभेरी गाउँपालिका
Sanibheri Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
सिम्ली, रुकुम (पश्चिम)
Simli, Rukum (West)
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal

सम्पर्क नं.: ९८५७८२४२५३
info@sanibherimun.gov.np
sanibherimun@gmail.com
ito.sanibherimun@gmail.com

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**(प्रकाशित मिति: २०७९/०२/२६)**

प्रस्तुत विषयमा नेपाल सरकार श्रम, रोजगार सामाजिक सूरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम)को स्थानीय तहका लागि तयार गरिएको विवरण सङ्कलन प्रणाली कार्यान्वयन गर्न गाँउ/नगर वस्तुस्थिति विवरण तयारी(पहिलो शंसोधन) कार्यविधि २०७८ को अनुसुची ९ (दफा८.३ को (ञ) ) बमोजिम वस्तुस्थिति संकलनका लागि तपशिल बमोजिमका कर्मचारी आवश्यक परेकाले इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले ५ दिनभित्र यस कार्यालयमा दरखास्त दिनुहुन आव्हान गरिन्छ।

तपसिल:

**(क) पद: स्वयंसेवी गणक**

**(ख) आवश्यक संख्या:** प्रत्येक वडामा न्यूनतम २ (दुई) जनाको दरले २२ जना

**(ग) स्वयंसेवी गणकको न्यूनतम योग्यता :**

१. प्रविणता प्रमाणपत्र तह/१२ कक्षा वा सो सरह उतीर्ण
२. आफ्नै एन्ड्रोईड स्मार्टफोन (मोबाईल) भएको
३. यूनिकोड नेपाली टाइपिङ्गमा दक्षता प्राप्त
४. सम्वन्धित वडामा बसोबास गर्ने जनशक्तिलाई ग्राह्यता दिइने

**(घ) छनौट विधि:** प्रयोगात्मक र अन्तरवार्ता दुबै

**(ङ) कार्यक्षेत्र:** सम्बन्धित वडाको घरधुरी।

**(च) कार्य विवरण:**

१. स्थानीय तहबाट उपलब्ध गराईने iLG-Profile को तालिममा सहभागि हुने।
२. सूचना प्रविधि अधिकृत वा स्वयंसेवी सुपरीवेक्षकको सहयोगमा आफ्नो एन्ड्रोईड स्मार्टफोन (मोबाईल) मा iLG-Profile को एप जडान गरी सो को प्रयोगकर्ता संकेत तथा पासवर्ड लिने।
३. एपको सञ्चालन पुस्तिका (Operation Manual) गहन अध्ययन गरी प्रकृयागत स्पष्टता हाँसिल गर्ने।
४. वडा अध्यक्ष, वडा सदस्य, वडा सचिव र अन्य कर्मचारीको निकटतम समन्वयमा रही घरधुरी सर्वेक्षणको कार्यतालिका बनाई विवरण संकलन गर्ने।
५. प्रत्येक घरधुरीमा गई सो घरको जियोकोड (Geocode) सहितको पूर्ण विवरण सत्यतथ्य सहित संकलन गर्ने।
६. संकलित विवरणलाई केन्द्रीय सर्भरमा अपलोड भएको सुनिश्चित गर्ने।
७. iLG-Profile को App को भरपर्दो सञ्चालनका लागि आवश्यक प्राविधिक तयारी गर्ने र कार्य सम्पादनको क्रममा कुनै प्राविधिक समस्या आएमा सूचना प्रविधि अधिकृतको सहयोग लिने।

# सानीभेरी गाउँपालिका
Sanibheri Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
सिम्ली, रुकुम (पश्चिम)
Simli, Rukum (West)
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal

सम्पर्क नं.: ९८५७८२४२५३
info@sanibherimun.gov.np
sanibherimun@gmail.com
ito.sanibherimun@gmail.com


८. विवरण संकलनको क्रममा कुनै घरधुरीबाट अपेक्षित सहयोग प्राप्त हुन नसकेमा वडा अध्यक्ष, वडा सदस्यको आवश्यक सहयोग लिई कार्य सम्पन्न गर्ने।

९. कार्य सम्पादनको दैनिक प्रगती विवरण सूचना प्रविधि अधिकृतलाई उपलब्ध गराउने।

**(छ) पारिश्रमिक:** गाँउ/नगर वस्तुस्थिति विवरण तयारी (पहिलो शंसोधन) कार्यविधि २०७८ अनुसार।

**(ज) दरखास्त दिने मिति :** २०७९/०२/२७ गतेदेखि २०७९/०२/३१ गते कार्यालय समय भित्र।

**(झ)** आवेदनको ढाँचा यस गाउँपालिकाको वेभसाईट www.sanibherimun.gov.np बाट डाउनलोड गर्न सकिनेछ वा गाउँकार्यपालिका कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

- **थप जानकारीको लागि मोवाईल नं. ९८५७८२४२५३,९८५७८३४२२४ वा गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।**

दिपक बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत